## सिद्धार्थनगर नगरपालिका

### नगरप्रमुखद्वारा मिति २०७७।०२।१२ गते छैठौं नगरसभामा पेश भई सभाबाट पारित प्रतिवेदन

**नगरसभाका सदस्यज्यूहरु,**

नगरपालिकाको छैठौं नगरसभामा उपस्थित सम्पूर्ण नगरसभा सदस्यहरुलाई हार्दिक स्वागत गर्दछु । यस सभामा नगरपालिकाको नगरप्रमुखको रुपमा नगरपालिकाले चालु आर्थिक वर्षमा सम्पादन गरेका कार्यहरु र समसामयीक विपयमा जानकारी गराउन पाउँदा खुसी लागेको छ ।

राज्यको वर्तमान व्यवस्था अनुसार स्थानीय सरकारले आफ्नो अधिकार क्षेत्र भित्रका विषयमा कानून बनाउने र लागु गर्न सक्ने व्यवस्था भएकोमा स्थानीय तहको सो अधिकार प्राप्तिका लागि बिभिन्न समयमा साहदत प्राप्त गर्नुहुने ज्ञात अज्ञात सम्पूर्ण शहीदहरु प्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु ।

नेपालको संविधानले नगरपालिकालाई स्थानीय सरकार सञ्चालनको अधिकार प्रदान गरेको छ । स्थानीय तहको निर्वाचन पश्चात् विगत ३ वर्पदेखि नगरपालिकाले आफ्नो कार्य सञ्चालन गर्दा संविधानले परिकल्पना गरेका र नगरवासीले अपेक्षा गरेका सवालहरु सम्वोधनका लागि विद्यमान साधन र स्रोतको उपयोग गर्दै अगाडि बढिरहेका छौं । नगरपालिकावाट मूलतः दैनिक प्रशासनिक कार्यहरु र विकास निर्माणका कार्यहरु संचालन हुन्छन् । हाल नगरपालिकाले आफ्नो नियमित कार्यहरु सम्पादन गरिरहेकै अवस्थामा विश्वव्यापीरुपमा फैलिएको कोरोना भाइरस (कोभिड १९) वाट सिर्जित विपद्सँग जुध्नु परेको छ । यस विपद्बाट चालु आर्थिक वर्षमा नगरपालिकाले सम्पादन गर्दै आइरहेको सेवा प्रवाह र विकासका कामहरु सवै प्रभावित भएका छन् । यस विपम परिस्थितीमा चालु आर्थिक वर्षमा नगरपालिकाले हालसम्म सम्पादन गरेका कार्यहरु र कोरोना भाइरसको रोकथाम उपचार र नियन्त्रणका लागि हामीले गरेका प्रयासहरुको वारेमा जानकारी गराउँदछु ।

**हालसम्म सम्पादन भएका कार्यहरु**

१. न्यायीक समितको सचिवालयमा बिभिन्न विपयका ४९ वटा मुद्दा दर्ता भएकोमा मेलमिलापवाट सहमति भएको २१ वटा, निर्णय फैसला भएका १३ वटा र हाल चलिरहेका मुद्दा १५ वटा रहेका छन् । चैत्र ११ को लकडाउन पछी मुद्दा दर्ता भएका छैनन् ।

२. नेपाल सरकार र एसियाली विकास वैंकको ऋण तथा अनुदान सहयोगमा सन् २०१२ देखि २०१७ सम्ममा सम्पन्न गर्ने गरी संचालित एकिकृत शहरी विकास आयोजना र सन् २०१७ देखि २०२२ सम्ममा सम्पन्न गर्ने गरी क्षेत्रीय शहरी विकास आयोजना कार्यक्रमवाट ६२ कि.मि. नाली निर्माण, ३५ कि.मी. सडक तथा फूटपाथ निर्माण, सडकको दुवैतर्फ ७० कि.मी. खानेपानी लाइन विस्तार, हरियाली प्रवर्द्धनका लागि मैत्रीपथ, नारायणपथ, वैंकरोड, रंगशाला पथ, विमानघाट पथ लगायतका सडकहरुमा २००० बृक्षारोपण गरी हरियाली प्रवर्द्धन गर्ने कार्य सम्पन्न भएको छ । एकिकृत शहरी विकास कार्यक्रमबाट फोहरमैला व्यवस्थापन तथा सरसफाइका लागि विभिन्न उपकरणहरु प्राप्त भएका छन् ।

३. शिक्षा तथा खेलकुद तर्फका सबै कार्यक्रमहरु नगरपालिका र विद्यालयहरु मार्फत कार्यान्वयन भइरहेका छन् । बिभिन्न बजेट शीर्षक अन्तरगत भानु माध्यमिक विद्यालयमा चार कोठे भवन निर्माणको क्रममा रहेको, मेउडिहवा प्रा.वि., सुसंस्कृत मा.वि., रुपन्देही लिलाराम न्यौपाने मा.वि. मा भवन निर्माणका कार्यहरु शुरु भएको तथा नवदुर्गा नि.मा.वि. र अन्य विद्यालयहरुमा मर्मत संभारका कामहरु भइरहेका छन् । ४ वटा माध्यमिक विद्यालयहरुमा विज्ञान प्रयोगशाला र ३ वटा ICT का लागि प्रति विद्यालय ६ लाख ५० हजारका दरले रकम पठाइएको छ । भैरहवा नमूना मा.वि र सूर्यदेव मा.वि. मा वास सुविधा

हरि प्रसाद अधिकारी
प्रमुख

Scanned with CamScanner

सहितको शौचालय निर्माणको प्रक्रिया अगाडि बढेको छ । प्रथम उपप्रमुख महिलाकप खेलकुद प्रतियोगिता कार्यक्रम सम्पन्न भएको छ ।

४. नगर क्षेत्र भित्रका सहकारीको नियमनका लागि हाल शिक्षा शाखाबाट काम भईरहेको छ। दक्ष जनशक्ति उपलब्ध हुन नसक्दा कोपोमिस सफ्टवेयर लागु गर्न सकिएको छैन ।

५. पशुसेवा तर्फका स्वच्छ दुध उत्पादन तथा विविधिकरण तालिम, बाख्रापालन तालिम, विमा सम्वन्धी अधिमुखीकरण, घाँसको विउ वितरण, पशुस्वास्थ्य शिविर, पशु खोप सेवा लगायतका कार्यक्रम सम्पन्न भइसकेका छन् भने व्यवसायीक मत्स्यपालन, जुनोटिक रोग चेतनामूलक कार्यक्रम, थुनिलो तथा बाँझोपन निवारण, छाडा कुकुर व्यवस्थापन लगायतका कार्यक्रमहरु संचालन गर्न सकिएको छैन ।

६. कृषि विकास तर्फ तरकारी च्याउको विउ वितरण, ५० प्रतिशत अनुदानमा तोरी, मसुरो, गहुँको विउ वितरण, तरकारीको मिनी किड वितरण, मौसमी तथा बेमौसमी खेती तालिम, च्याउ सम्बन्धी तालिम सम्पन्न भएको । ५० प्रतिशत अनुदान मै स्प्रे मेशिन ३४ वटा वितरण भएको । मागमा आधारित युवा लक्षित कृषी कार्यक्रम र साना सिंचाइ कार्यक्रम कार्यन्वयन चरणमा रहेको । घरेलु विषादी बनाउने तालिम, मह उत्पादन सामग्री वितरण, भकारो सुधार, माटो परीक्षण, फलफुलको विरुवा वितरण जस्ता कार्यक्रमहरु विपद्का कारण संचालन गर्न सकिएको छैन ।

७. स्वास्थ्य तर्फ शहरी स्वास्थ्य क्लिनिक मार्फत नियमित स्वास्थ्य सेवा संचालन भइरहेको, बेलहिया नाकामा माघ महिनादेखि हेल्थ डेस्क मार्फत नियमित चेकजाँच, खोपका नियमित कार्यक्रम भइ रहेका छन् । भिटामिन A, दादुरा, रुवेला, खोप अभियान, स्वास्थ्य स्वयं सेविकाको सहयोगमा डेंगी रोग रोकथाम तथा नियन्त्रण, कुष्ठरोग, महिला स्वास्थ्य स्वयंसेविका, एडस् दिवस, परिवार नियोजन सम्बन्धी सचेतना कार्यक्रम सम्पन्न भइसकेका छन् । हाल क्वारेन्टाइनहरुमा स्वास्थ्य परीक्षण, कोरोनाको RDT, PCR परीक्षणका लागि आवश्यक कार्यहरु भइरहेका छन् । वैशाख महिनाको भिटामिन A कार्यक्रम, आमा सुरक्षा कार्यक्रमको सचेतना, ज्येष्ठ नागरिक जाँच, रोटा खोप लगायतका कार्यक्रमहरु स्थगन गरिएको तथा संचालन गर्न सकिएको छैन । वडा नं. ११ मा स्वास्थ्य चौकि भवन निर्माणको कामको शुरुवात भएको छ । हाल कोरोना भाइरसबाट उत्पन्न परिस्थितीका कारण स्वास्थ्य चुनौति जटिल बनेको छ ।

८. यस आर्थिक वर्षमा नक्सा पास तर्फ नयाँ नक्शा दर्ता संख्या ५७०, अस्थायी नक्शा पास संख्या ३२१, स्थायी नक्शा पास संख्या ३२१ र निर्माण सम्पन्न संख्या १७६ रहेको छ ।

९. भौतिक पूर्वाधार तर्फ विभिन्न ११६ योजनाहरु कार्यान्वयनका लागि सम्झौता भएकोमा १९ वटा योजना सम्पन्न भएका र अन्य बाँकी निर्माण प्रक्रियामा रहेका छन् । समपुरक अनुदान, विशेष अनुदान तथा अन्य बजेटबाट संचालन पर्यटकीय गेट निर्माण, कृषी बजारको A ब्लक, दरखसहवा पार्क, सडक बोर्ड अन्तरगत मर्मत सुधार लगायतका कार्यक्रमहरु निर्माणका क्रममा रहेका छन् । प्रदेश सरकार र नगरपालिकाको सहकार्यमा विपन्न वर्गका लागि सुरक्षित आवास निर्माण (मेयर आवास) कार्यक्रम वडा नं. १० र ११ मा संचालन भइरहेको र हाल १५ वटा घरहरु निर्माणाधिन अवस्थामा रहेका छन् । योजना कार्यान्वयन चरणमा जान सकिएको छैन । हाल पूर्वाधारका कार्यहरु संचालन गर्न सक्ने कुनै वातावरण देखिएको छैन ।

१०. सामजिक विकास तर्फ यूनिसेफको सहयोगमा खानेपानी सरसफाइ तथा स्वच्छता योजना (वास प्लान) को तथ्याङ्क संकलनको काम आंशिक भएको, नगरपालिको एकिकृत पार्श्व चित्र निर्माणको कार्य प्रक्रियामा रहेको छ । लक्षित समूह तर्फका कार्यक्रमहरु विपद्का कारण संचालन गर्न सकिएको छैन ।



हरिप्रसाद अधिकारी
प्रमुख

Scanned with CamScanner

११. जेष्ठ नागरिक परिचयपत्र: ३६ महिला र ५७ पुरुष गरी जम्मा ९३ जनालाई र विभिन्न वर्गको अपाङ्गता परिचयपत्र: २२ महिला र ३४ पुरुष गरी जम्मा ५६ जनालाई वितरण गरिएको छ। अन्तर्राष्ट्रिय लैङ्गिक हिंसा दिवस र श्रमिक महिला दिवस मनाउने कार्य सम्पन्न भएकोछ।

१२. नगर सरसफाइ, सडक बत्ति व्यवस्थापन गर्ने कार्यहरु नियमित रुपमा भइरहेका छन्। हाल फोहर व्यवस्थापन गर्दै आएको डण्डा खोला किनारमा स्थानीय बासीहरुबाट विकल्प खोज्न अनुरोध गर्दै आएकोमा कोरोना भाइरसको महामारी समाप्ती पश्चात् सर्वपक्षीय सहयोगबाट यो कार्य अगाडि बढाइनेछ। फोहरमैला व्यवस्थापन गर्ने कार्य चुनौतिको रुपमा देखा परेको छ। यस परिप्रेक्ष्यमा फोहर व्यवस्थापनका लागि तुरुन्त वैकल्पिक उपायको खोजी गर्नुपर्ने तड्कारो स्थिती देखा परेको छ।

१३. चालु आर्थिक बर्षको कुल बजेट १,१८,४७,६४,०००/– (एक अर्ब अठार करोड सत्चालिस लाख चौसठ्ठी हजार) स्वीकृत भएकोमा सो मध्ये आन्तरिक आय, वित्तिय समानिकरण, राजश्व बाँडफाँडबाट, सशर्त अनुदानबाट समेत २०७७ वैशाख मसान्तसम्म रु.९२,७७,१६,६००/६७ प्राप्त भइसकेको छ। सो मध्ये चालु र पूँजिगत गरी हालसम्म रु ६२,९५,४०,९२२/९० भुक्तानी भएको छ। कार्यक्रमहरु सम्पन्न भएको तर भुक्तानी प्रक्रियामा रहेको कारण खर्चको अनुपात कम देखिएको छ।

**कोरोना भाइरसको रोकथाम उपचार र नियन्त्रण सम्बन्धी**

१४. सिद्धार्थनगर नगरपालिकाको बेलहिया नाकामा नगरपालिकाको स्वास्थ्य हेल्थडेस्क स्थापना भइ २०७६ माघ १६ गतेदेखी नै नियमित रुपमा चेकजाँचको व्यवस्था मिलाइएको छ।

१५. नगरपालिका भित्र निम्नानुसारका चारवटा क्वारेन्टाइन स्थापना गरिएको छ।

(क) प्रतिमान निमा प्रतिष्ठान : मिति २०७६।१२।१८ देखी हालसम्म २४३ जना भारतीय नागरिक बसिसकेका छन्। पहिलो चरणमा १५५ जना बसी २०७७।१।१३ गते बेलहिया नाकाबाट भारत प्रस्थान गरेका र मिति २०७७।२।९ तथा ११ गते ८८ जना भारतीय नागरिकहरु भारत गएका छन्।

(ख) शिक्षा तालिम केन्द्र : २०७६।१२।८ गतेदेखि २०७७।२।८ गतेसम्म नगरपालिकाले व्यवस्थापन गर्दै आएकोमा तत् पश्चात मायादेवी गाउँपालिकाबाट व्यवस्थापन गरिएको छ। नगरपालिकाले व्यवस्थापन गर्दासम्म बिभिन्न जिल्लाका गरी कुल १५१ जना व्यक्तिहरु बसिसकेका छन्। ती मध्ये १४५ जनालाई कोरोना RDT वा PCR गरी घर पठाइको र बाँकी ६ जनालाई अन्य क्वारेन्टाइनमा स्थानान्तरण गरिएको छ।

(ग) भैरहवा नमूना मा.वि. : यस क्वारेन्टाइनमा हालसम्म ४७२ जना बसिसकेका छन्। कोरोना जाँच गरी Negative देखिएकालाई रुपन्देही लिलाराम मा.वि. को क्वारेन्टाइनमा स्थानान्तरण गरी सम्बन्धित जिल्ला तथा पालिकासँग समन्वय गरी घर पठाइरहिएको छ भने हाल सो क्वारेन्टाइनमा १३१ रहेका छन्।

(घ) रुपन्देही लिलाराम मा.वि. : यस क्वारेन्टाइनमा हालसम्म २०१ जना बसिसकेका छन्। १४९ जनालाई घर पठाइसकिएको र ५२ जना क्वारेन्टाइनमा नै रहेका छन्। ती मध्ये ३ जना सख्त विरामी भइ उपचार भइरहेकोमा २ जनालाई प्रादेशिक अस्पताल बुटवलमा भर्ना गरी उपचाररत छन्।

चार वटै क्वारेन्टाइनमा हालसम्म १०६७ जना बसेका छन्। ती मध्ये विभिन्न ५० भन्दा वढि जिल्लाका ८८७ जनालाई घर पठाइसकिएको र १८० जना क्वारेन्टाइनमा नै रहेका छन्। स्वास्थ्य जाँच

३

Scanned with CamScanner

नगरपालिकाको समन्वयमा भइरहेको छ । क्वारेन्टाइनमा रहेका मध्ये १ जना सिद्धार्थ नगरबासी र १ जना भारतीय नागरिकलाई कोरोना Positive देखिएकोले भिम अस्पतालको आइसोलेसनमा राखी उपचार भइरहेको छ । क्वारेन्टाइनमा नेपाली सेना, नेपाल प्रहरी र सशस्त्र प्रहरीबाट सुरक्षा प्रदान गरिएको छ ।

सिद्धार्थनगर नगरपालिका, नगरपालिका र मायादेवी च्यारिटेवल ट्रष्टसँगको सहकार्यमा खाना खुवाउदै आइएको छ। मिति २०७७।१।१६ विहानदेखि २०७७।१।२८ सम्म मारवाडी सेवा संघ, भैरहवाबाट शिक्षा तालिम केन्द्रमा रहेका व्यक्तिहरुलाई विहान वेलुकी निःशुल्क खाना खुवाउनु भएको छ। सो बाहेक क्वारेन्टाइनहरुको अन्य व्यवस्थापन नगरपालिकाबाटै भइरहको छ । सहकार्यमा खाना खुवाउने मायादेवी च्यारिटेवल ट्रष्ट र निशुल्क खाना खुवाउने मारवाडी सेवा संघ, क्वारेन्टाइन स्थापनाका लागि भौतिक पूर्वाधार उपलब्ध गराउने शिक्षा तालिम केन्द्र, प्रतिमान निमा प्रतिष्ठान, भैरहवा नमूना मा.वि. र रुपन्देही लिलाराम मा.वि. प्रति नगरपालिका विशेष धन्यवाद ज्ञापन गर्दछ ।

१६. नगरपालिकामा कोरोना भाइरस रोकथाम नियन्त्रण र उपचार कोषमा हालसम्म देहाय बमोजिम रकम जम्मा भएको छ। कोपको परिचालन **कोरोना भाइरस संक्रमण रोकथाम तथा उपचार कोष संचालन कार्यविधि, २०७७** बमोजिम गरिएको । कोष परिचालनमा सिद्धार्थ उद्योग वाणिज्य संघका अध्यक्ष कुलप्रसाद न्यौपाने, उद्योग व्यापार संगठन, रुपन्देहीका अध्यक्ष नारायणप्रसाद भण्डारी, बैंकर्स एशोसियसन सिद्धार्थनगरका अध्यक्ष रामराज उपाध्याय, समाजसेवी नारायण प्रसाद अग्रवाल र कृष्ण प्रसाद शर्माको समेत सहभागितामा संचालन भएको छ ।

| क्र.सं. | प्राप्त स्रोत | रकम | कैफियत |
|---|---|---|---|
| १ | सिद्धार्थनगर नगरपालिका | ११ लाख ५१ हजार | कोष स्थापना |
| १ | विभिन्न सहयोगी व्यक्ति, संस्था निकाय, निर्वाचित जनप्रतिनिधी, कर्मचारीबाट प्राप्त | ४२ लाख ६८ हजार ९६६ | |
| २ | प्रदेश सरकार, प्रदेश नं. ५ | २० लाख | निर्णय भएको तर प्राप्त भइनसकेको |
| ३ | कोषमा रकम अपुग भइ नगरपालिकाबाट विभिन्न शीर्षकबाट रकमान्तर गरी कोषमा जम्मा गरेको थप रकम | ६० लाख | |
| | हालसम्मको कुल जम्मा | १ करोड ३४ लाख १९ हजार ९६६ रुपैया | |

उपरोक्त रकम मध्ये नगरपालिकाबाट ७१ लाख ५१ हजार, कर्मचारीबाट १२ लाख ४१ हजार र निर्वाचित जनप्रतिनिधी, विभिन्न संघ संस्था, व्यक्तिबाट ३० लाख २७ हजार प्राप्त भएको छ ।

१७. एकद्वार प्रणाली अन्तरगत विभिन्न निकायबाट प्राप्त विस्कुट, चाउचाउ, लत्ताकपडा, अगायतका जिन्सी सामग्रीहरु सिधै क्वारेन्टाइन/सम्बन्धित स्थानमा नै प्राप्त भइ सोही स्थानमा नै सम्पूर्ण सामग्री खपत/परिचालन भएको छ। नेपाल रेडक्रस सोसाइटीबाट ४३० थान कम्वल प्राप्त भएको छ।

१८. राहात वितरण

**(क) प्रथम चरण (२०७६ चैत्र १८ देखि २१ गते)**

कुल १२६५० के.जी. चामल, १७४२ प्याकेट नून, १७४२ प्याकेट दाल र १७४२ लिटर खानेतेल वितरण भएको छ ।

**(ख) दोस्रो चरण: (२०७७ वैशाख १६ देखि २० गते)**

दोश्रो चरणको राहत वितरणका लागि नेपाल सरकारले तय गरेको नमूना मापदण्डलाई आधार मानी नगरपालिकाले स्वीकृत गरेको **असङ्गठित क्षेत्रमा कार्यरत श्रमिक वर्ग तथा असहायहरुलाई** उपलब्ध

हरि प्रसाद अधिकारी
प्रमुख

Scanned with CamScanner

गराईने राहत वितरण सम्बन्धी कार्यविधि, २०७७ बमोजिम राहत वितरण गरिएको छ। कुल ४९३३ परिवार संख्या पहिचान भएकोमा २८०९ जना नगरपालिका भित्र स्थायी ठेगाना भएका, २०३८ जना विभिन्न जिल्लामा स्थायी ठेगाना भइ सिद्धार्थनगर भित्र भाडामा बस्ने र ८६ जना भाडामा बस्ने भारतीय नागरिकहरु रहेका छन्। ती परिवारलाई राहत वितरणका लागि कुल चामल ११ सय क्विन्टल, दाल १७० क्विन्टल, नून ४९३३ प्याकेट, ७४०० वटा हात धुने साबुन वितरण भएको छ।

१९. खर्च विवरणः क्वारेन्टाइन व्यवस्थापन, औषधी खरिद, राहात वितरणका लागि खर्च भएको हालसम्म खर्च भएको/हुने क्रममा रहेको विवरण देहाय बमोजिम रहेको छ।

| क्र.सं. | विवरण | इकाइ (के.जी./लि.) | दर | खर्च रकम | कैफियत |
|---|---|---|---|---|---|
| प्रथम चरण राहत वितरण | | | | | |
| १ | दाल (मुसुरो) | १८०० | १०८.०० | १९४४००.०० | |
| २ | चामल (सोना मंसुली ) | १३००० | ४२.१५ | ५४७९५०.०० | |
| ३ | खानेतेल (सोयाविन) | २००० | १२३.८९ | २८००००.०० | |
| ४ | नून | २००० | १८.५० | ३७०००.०० | |
| दोश्रो चरण राहत वितरण | | | | | |
| ५ | दाल (चना) | १७०३४ | १०४.०० | १७७१५३६.०० | |
| ६ | चामल (सोना मंसुली रिफाइन सिल्की) | ११०० क्वी. | ४६.०० | ५०५३३३०.०० | |
| ७ | नून | ४९५० | १८.५० | ९१५७५.०० | |
| ८ | साबुन | ७४१६ | २७.०० | २००२३१.५३ | |
| अन्य विभिन्न भुक्तानी | | | | | |
| ९ | क्वारेन्टाइनको खाना, सरसफाइ सामग्री, विछ्यौना लगायत विभिन्न सामग्री खरिदका लागि भुक्तानी भएको रकम | | | १०९१३५१.०५ | |
| १० | औषधी, सफाइ सामग्री, हेल्थडेस्क व्यवस्थापन लगायत स्वास्थ्य तर्फको अनुमानित खर्च | | | १००००००.०० | |
| | हालसम्म कुल | | | १,०२,६७,३७३.५८ | |

**नोटः क्वारेन्टाइनको खाना, खाजाको थप भुक्तानी लगायत अन्य बिभिन्न कार्यको भुक्तानी दिन बाँकी नै रहेको।**

२०. सम्पादन भएका अन्य कार्यहरु देहाय बमोजिम रहेका छन् :

- क्लोरिन र ब्लिचिङ्ग पाउडर मिसाइ Disinfection औषधी छरिएको।
- कृषकहरुलाई खेति स्याहार्ने कार्यका लागि मेशिनहरु प्रयोग गर्न सहज अनुमतिको व्यवस्था मिलाइएको
- सहकार्यमा तरकारी एम्बुलेन्स चलाइएको।
- अग्रपङ्तीमा रही काम गर्ने स्वास्थ्यकर्मी, सरसफाइकर्मी र अन्य कर्मचारीहरु समते गरी १४९ जनाको वीमाको लागि प्रक्रिया अगाडि बढाइएको।

२१. कोरोना भाइरसबाट सिर्जित विपद् व्यवस्थापनका लागि संघीय सरकार, प्रदेश सरकार, जिल्ला प्रशासन कार्यालय, नेपाल प्रहरी, सशस्त्र प्रहरी, नेपाली सेना र राजनीतिक दलहरु, सिद्धार्थ उद्योग वाणिज्य संघ, उद्योग व्यापार संगठन, रुपन्देही, बैंकर्स एशोसियसन, जिल्ला रेडक्रस शाखा, स्थानीय समाजसेवी, संचारकर्मीहरु लगायत विभिन्न संघ संस्था र नगरवासीहरुबाट निरन्तर मार्गदर्शन, सहयोग प्राप्त हुँदै आएको।

प्रसाद अधिकारी
प्रमुख

Scanned with CamScanner

२२. सिद्धार्थनगर नगरपालिकाका समस्या तथा चुनौतिहरु देहाय बमोजिम रहेका छन् :

- भारतीय नाकाबाट मानिसहरु आइरहेकोले कोरोनाको जोखिम बढ्दै गएको ।
- बेलहिया नाका तथा खुला सिमानाको कारण क्वारेन्टाइनमा दिनहुँ व्यक्तिहरु थप भइरहेको । खाना लगायत अन्य व्यवस्थापनका लागि दैनिक रुपमा खर्च बढ्दो क्रममा रहेको, राहतका लागि ठूलो धनराशी खर्च हुने देखिएको तर कोषमा संघीय सरकार तथा प्रदेश सरकारबाट कुनै थप रकम प्राप्त नभएको । कोषमा दाताहरुबाट अपेक्षाकृत रुपमा रकम प्राप्त हुन नसकेको ।
- लकडाउन अझै बढ्ने संकेत देखिएको अवस्थामा अबको राहात वितरण गर्नुपर्ने अवस्था सिर्जना भएमा संख्या अधिक बढ्ने हुँदा कसरी पहिचान गर्ने ? राहातको मोडालिटी कस्तो बनाउने भन्ने चुनौति देखिएको ।
- कोरोना जाँच किड, स्वास्थ्य सामग्रीहरु सहज उपलब्धता नभएको ।
- पहिलो घेरामा रही काम गर्ने स्वास्थ्यकर्मीको स्वास्थ्य जोखिम निकै उच्च रहेको ।
- स्वास्थ्य सुरक्षाका उपायहरु अवलम्बन गरी स्थानीय श्रमिकबाट उद्योग धन्दाहरुमा काम गर्न नसकिएको ।
- कृषी उपजको बीउ, मलखाद सहज उपलब्ध हुन नसकेको ।
- जनताका आधारभूत आवश्यकता परिपूर्ति सहज हुन नसकेको ।

उल्लेखित समस्या तथा चुनौति समाधानका लागि नगरपालिकाबाट नितरन्तर संघ र प्रदेशसँग पहल भइरहेको छ । नेपाल सरकार, प्रदेश सरकारको निर्देशन, राजनीतिक दलहरु, विभिन्न संघ संस्थाहरु, नागरिक समाज, स्थानीय बुद्धिजिवी, समाजसेवी, सभा सदस्यज्यूहरु र आम नगरवासीको सल्लाह बमोजिम आगामी कार्यदिशा तय गरिनेछ ।

**नगर सभा सदस्यज्यूहरु,**

यस विषम परिस्थितीमा हामी सबै कोरोना भाइरसको रोकथाम उपचारका लागि लाग्नु परेको छ । नेपाल सरकारबाट घोषणा भएको लकडाउनको परिपालना गराउने, कोरोना जाँच सहज गराउने, विपद्मा परेकालाई उद्धार गर्ने, राहत वितरण गर्ने, क्वारेन्टाइन व्यवस्थापन गर्ने लगायत आइपर्ने हरेक परिस्थितीको सामना गर्ने तर्फ नै नगरपालिका केन्द्रित भएको छ । यसका लागि दिन रात नभनी खट्ने सबै जनप्रतिनिधी, कोरोना कोष संचालन तथा राहात व्यवस्थापन समितिका पदाधिकारीहरु, आर्थिक, भौतिक, नैतिक सहयोग गर्ने सबै संघ, संस्था, व्यक्ति, स्वास्थ्यकर्मीहरु सहितका सम्पूर्ण कर्मचारीहरु, सुरक्षा निकायबाट भएको कामको उच्च मुल्यांकन गर्दछु । यस महामारीका कारण हामीले चालु आर्थिक बर्षमा सम्पन्न गर्ने भनी तय गरिएका लक्ष्य र उद्देश्यहरु पूरा गर्न तगारो सिर्जना भएको छ । तथापी नगर क्षेत्र भित्रका राजनीतिक दलहरु, कोरोना भाइरस नियन्त्रण, रोकथाम तथा उपचार कोष संचालक समितिका पदाधिकारीहरु, विभिन्न सरकारी एवं गैरसरकारी निकायहरु, समाजसेवी, बुद्धिजिवी, संचार क्षेत्र र सबै नगरवासीबाट प्राप्त आर्थिक, भौतिक, नैतिक सहयोग र सहकार्यबाट हामीलाई काम गर्ने हौसला प्राप्त भएकोछ । यसबाट यस विपद्को सामना गर्दै नगरपालिकाका अन्य कार्यक्रमहरु संचालन गर्न सदा तत्पर रहने छौं । अन्तमा यस छैठौं नगर सभालाई सफल बनाउन तथा कोरोना भाइरसबाट उत्पन्न विपद्को व्यवस्थापन गर्न नगरसभा सदस्यज्यूहरुबाट भएको सहयोगको प्रसंशा गर्दै आगामी दिनहरुमा पनि यस्तै सहयोगको अपेक्षा सहित धन्यवाद ज्ञापन गर्दछु ।

हरि प्रसाद अधिकारी
नगर प्रमुख
सिद्धार्थनगर नगरपालिका

हरि प्रसाद अधिकारी
प्रमुख



Scanned with CamScanner